अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी रविन्द्र प्रसाद बराल मु.नं (०८०-CR-००२६) फैसला मिति २०८०/११/१३	सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •पोखरा विश्वविद्यालयका उप-प्राध्यापक रविन्द्र प्रसाद वरालले अन्य स्थानमा काम नगर्ने प्रतिवद्धता र पोखरा विश्वविद्यालयले भराएको फाराममा समेत अन्यत्र काम नगर्ने भनी आफैले हस्ताक्षर गरेको विवरण विपरित सार्वजनिक सरकारी संस्थाबाट Non-teaching allowance समेतको लाभ एवं सुविधा लिएको पुष्टि भएकोले निज रविन्द्र प्रसाद बरालालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन समेतको मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** •प्रतिवादी रविन्द्र प्रसाद बरालले आरोप दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रतिवादीले विश्वविद्यालयको काममा कुनै बाधा पुर्याएको नदेखिएको,निजले बुझी लिएको Non-teaching allowance वापतको रकम र व्याजसमेत रु.३,२६,१५०।— फिर्ता गरि सकेको देखिएको।	•जिल्ला कास्की,पोखरा विश्वविद्यालयका उप-प्राध्यापक रविन्द्र प्रसाद बरालले विना स्वीकृति अन्य स्थानमा अध्यापन गरी दोहोरो सुविधा लिएको र अन्य स्थानमा काम नगर्ने प्रतिवद्धता पेश गरी नन् टिचिङ्ग एलाउन्स समेत लिएकोले आवश्यक कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको आयोगमा प्राप्त उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादी रविन्द्र प्रसाद बराल उपर विशेष अदालत समक्ष दायर भएको प्रस्तुत मुद्दामा प्रतिवादी रविन्द्र प्रसाद बरालले मिति २०७३/०८/२२ गते देखि लागुहुने गरी उक्त विश्वविद्यालको उप-प्राध्यापकमा पदमा स्थायी नियुक्ति लिएको देखिन्छ भने निजले अन्य स्थानमा काम नगर्ने लिखित प्रतिवद्धता गरेको निवेदन समेत पेश गरी उक्त विश्वविद्यालयबाट मासिक रुपमा Non-teaching allowance वापत रु.५०००/- रकम सुविधा प्राप्त गर्दै आएको देखिन्छ। निज प्रतिवादीले अनुसन्धान तथा अदालतको बयानमा उक्त सुविधा लिएको स्वीकार गरी बयान गरेबाट सुविधा प्राप्त गर्दै आएकोमा विवाद छैन। निजले आयोगमा उजुरी परे पश्चात विश्वविद्यालयबाट प्राप्त गरेको Non-teaching allowance वापतको रकमको साँवा व्याज समेत दाखिला गरेबाट नै निजले विश्वविद्यालयमा अन्य स्थानमा काम गरेको छैन भनी गलत विवरण दिई सुविधा प्राप्त गरी सार्वजनिक सम्पतिको हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको प्रमाणित हुन आएको छ। प्रतिवादीले भ्रष्टाचारको उजुरी परी अनुसन्धानमा रहेको अवस्थामा आफूले गैरकानूनी रुपमा बदनियत साथ प्राप्त गरेको रकम विश्वविद्यालयको खातामा दाखिला गरेकै कारणबाट प्रतिवादीलाई भ्रष्टाचारको कसूरबाट उन्मुक्ति दिदै जाने हो भने भ्रष्टाचार निवारण ऐन,२०५९ को औचित्य नै रहदैन। यि प्रतिवादीले उल्लिखित सवुद प्रमाणबाट भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भइरहेको अवस्थामा उक्त प्रमाणहरुको मुल्याङ्कन नै नगरी सार्वजनिक सम्पत्तिको हिनामिना गरेको विषयको आरोपदावी विपरित विश्वविद्यालयलाई कुनै बाधा नपुर्याएको भन्ने आधार लिई भएको उल्लेखित फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण रही बदर भागी छ। •अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादी रविन्द्र प्रसाद बरालालाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।